# बीमा समिति

# बार्षिक प्रतिबेदन
२०६७

चाबहिल,
काठमाण्डौं

# बिषय सूची


| सि.न. | विषय | पेज नं. |
|---|---|---|
| १ | बीमा समिति | १ |
| | १.१ परिचय | १ |
| | १.२ उद्देश्य | १ |
| | १.३ गठन | १ |
| २ | मानव संसाधन | २ |
| ३ | अन्य समिति | २ |
| | ३.१ बीमादर सल्लाहकार समिति | २ |
| | ३.२ पदपूर्ति समिति | ३ |
| ४ | बीमा समितिको काम कर्तव्य र अधिकार | ३ |
| ५ | बीमा ऐन, २०४९ को उद्देश्य प्राप्तिको लागि सम्पादन गरिने मुख्य मुख्य कार्यहरु | ३ |
| | ५.१ बीमा व्यवसायलाई बिकसित गर्ने उद्देश्यसंग सम्बन्धित कार्यहरु | ३ |
| | ५.२ बीमा व्यवसायलाई व्यवस्थित गर्ने उद्देश्यसंग सम्बन्धित कार्यहरु | ४ |
| | ५.३ बीमा व्यवसायलाई नियमित गर्ने उद्देश्यसंग सम्बन्धित कार्यहरु | ४ |
| | ५.४ बीमा व्यवसायलाई नियन्त्रित गर्ने उद्देश्यसंग सम्बन्धित कार्यहरु | ४ |
| ६ | समितिको आयश्रोत | ४ |
| ७ | अन्तर्राष्ट्रिय सम्बन्ध | ५ |
| ८ | समितिको कार्य क्षेत्र | ५ |
| | ८.१ जीवन तथा निर्जीवन बीमा व्यवसाय गर्ने बीमक | ५ |
| | ८.२ जीवन बीमा व्यवसाय गर्ने बीमकहरु | ५ |
| | ८.३ निर्जीवन बीमा व्यवसाय गर्ने बीमकहरु | ५ |
| | ८.४ आकस्मिक बीमा कोष | ६ |
| | ८.५ बीमा व्यवसाय संग सम्बन्धित पेशागत संघ र संगठनहरु | ६ |
| ९ | संक्षिप्त आर्थिक रुपरेखा | ६ |
| १० | अन्तर्राष्ट्रिय आर्थिक बृद्धिदर | ६ |
| ११ | राष्ट्रिय आर्थिक बृद्धिदर | ७ |
| १२ | बीमा बजारको स्थिति | ७ |
| | १२.१ कूल बीमाशुल्क आर्जन | ७ |
| | १२.२ कूल गार्हस्थ उत्पादनमा बीमाशुल्कको योगदान | १० |
| | १२.३ जीवन बीमा व्यवसायबाट भएको लगानी | ११ |
| | १२.४ निर्जीवन बीमा व्यवसायबाट भएको लगानी | १२ |
| | १२.५ खुद नाफाको विवरण | १३ |
| | १२.६ बीमालेखको संख्या | १४ |
| | १२.७ बीमा व्यवसायमा संलग्न बीमा अभिकर्ताको संख्या | १५ |
| | १२.८ बीमा व्यवसायसंग सलग्न बीमा सर्भेयरको संख्या | १६ |
| | १२.९ बीमकहरुमा कार्यरत कर्मचारीको संख्या | १७ |
| | १२.१० बीमकहरुको कार्यालय संख्या | १८ |
| | १२.११ बीमा व्यवसायबाट सरकारलाई प्राप्त कर | १९ |
| १३ | काम कारवाहीहरु | २० |
| | १३.१ बीमक दर्ता, नवीकरण | २० |
| | १३.२ सर्भेयर इजाजतपत्र दर्ता तथा नवीकरण | २० |

| | | |
|---|---|---|
| | १३.३ बीमा अभिकर्ता दर्ता तथा नवीकरण | २० |
| | १३.४ कानूनी व्यवस्था | २० |
| | १३.५ सुपरिवेक्षण तथा अनुगमन | २० |
| | १३.६ बार्षिक प्रतिवेदन | २१ |
| | १३.७ बीमा समाचार र बिचार | २१ |
| | १३.८ निर्णय संग्रह | २१ |
| | १३.९ वेभसाइट | २१ |
| १४ | समितिले गरेका मुख्य मुख्य कार्यहरु | २१ |
| १५ | आ.व.०६६।६७ को बजेट बक्तव्यमा बीमा | २३ |
| १६ | बीमा क्षेत्रको विद्यमान समस्याहरु | २३ |
| १७ | बीमा क्षेत्रको विद्यमान चुनौती तथा उपायहरु | २४ |
| १८ | अनुसूचीहरु | |
| | क) बीमा समिति कर्मचारीहरुको नामावली (अनुसुची १) | |
| | ख) समितिको बर्तमान संगठनात्मक संरचना (अनुसुची २) | |
| | ग) बीमकहरुलाई शाखा कार्यलय खोल्न दिएको स्वीकृति (अनुसुची ३) | |
| | घ) बीमितहरुबाट आएको निवेदन उपर समितिको निर्णय (अनुसुची ४) | |
| | ङ) आ.व.२०६६।०६७ को आय व्यय हिसाब बिबरण (अनुसुची ५) | |
| | च) आ.व.२०६६।०६७ को समितिको बार्षिक कार्यक्रम (अनुसुची ६) | |

**बीमा समितिका वर्तमान सदस्यहरु :**

१. प्रा.डा. फत्तबहादुर के.सी.
अध्यक्ष
बीमा समिति ।

२. श्री कमलशाली घिमिरे
सदस्य, बीमा समिति,
प्रतिनिधि, कानून, न्याय तथा संविधान सभा मन्त्रालय ।

३. श्री विष्णु प्रसाद लम्साल
सदस्य, बीमा समिति,
प्रतिनिधि, अर्थ मन्त्रालय ।

४. प्रतिनिधि
सदस्य, बीमा समिति,
प्रतिनिधि, नेपाल विद्युत प्राधिकरण ।

५. श्री विनोद अर्याल
सदस्य, बीमा समिति ।

डा. अनिल राज भट्टराई
सचिव, बीमा समिति ।

## १ बीमा समिति

### १.१ परिचय

बीमा व्यवसायको बृद्धि, विकास, नियन्त्रण तथा अनुगमन गर्नको लागि तत्कालिन नेपाल सरकारले २०२५ सालमा अर्थ मन्त्रालयको एउटा इकाईको रुपमा बीमा समितिको स्थापना गरेको थियो । समितिले मिति २०२६ साल जेष्ठ १ गतेको प्रथम बैंठकबाट आफ्नो कार्य आरम्भ गरेको थियो । तत्पश्चात बीमा ऐन, २०४९ ले नेपालको बीमा व्यवसायलाई व्यबस्थित, नियमित, विकसित तथा नियन्त्रित गर्ने जिम्मेवारीका साथ बीमा समितिलाई अविछिन्न उत्तराधिकारवाला स्वायत्त संस्थाको रुपमा स्थापित गरेको छ ।

### १.२. उद्देश्य

नेपालको बीमा व्यवसायलाई व्यवस्थित, नियमित, बिकसित तथा नियन्त्रित गर्नु बीमा समितिको प्रमुख उद्देश्य रहेको छ ।

### १.३ गठन

बीमा व्यवसायलाई व्यवस्थित, नियमित, विकसित र नियन्त्रित गर्नका लागि बीमा समितिको गठन भएको छ ।

बीमा समितिमा सरकारी, बीमित र बीमा विशेषज्ञहरु समेत गरी ५ जना सदस्य रहने व्यवस्था छ । समितिमा पूर्णकालीन कार्य गर्ने गरी नेपाल सरकारद्वारा नियुक्त अध्यक्षका साथै नेपाल सरकार अर्थ मन्त्रालयका सह-सचिब, नेपाल सरकार कानून तथा न्याय मन्त्रालयका सह-सचिब, बीमा व्यवसायमा विशेष ज्ञान भएका व्यक्तिहरु मध्येबाट नेपाल सरकारले मनोनित गरेको एक जना व्यक्ति सदस्य र बीमितहरु मध्येबाट नेपाल सरकारले मनोनीत गरेको एकजना व्यक्ति सदस्य रहने व्यवस्था छ । समितिले तोकेको कुनै कर्मचारीले समितिको सचिवको काम गर्ने व्यवस्था रहेको छ ।

यस आर्थिक वर्षमा बीमा समितिमा प्रतिनिधित्व गर्ने सदस्य सम्बन्धी विवरण (तालिका नं.१) मा प्रस्तुत गरिएको छ । आर्थिक वर्ष २०६६।०६७ मा समितिको बैठक ४२ पटक बसेको छ ।

**तालिका-१**

समितिमा प्रतिनिधित्व गर्ने सदस्यहरु

| सि.नं. | निकाय | नाम | पद | समितिमा प्रतिनिधित्व गरेको अवधि |
|---|---|---|---|---|
| १ | बीमा समिति | प्रा.डा.फत्त बहादुर के.सी. | अध्यक्ष | २०६५।०९।०८ |
| २ | कानुन तथा न्याय मन्त्रालय | श्री कमलशाली घिमिरे | सदस्य | २०६३।०४।१९ |
| ३ | अर्थ मन्त्रालय | श्री बिष्णु प्रसाद लम्साल | सदस्य | २०६६।०७।२३ |
| ४ | नेपाल बिधुत प्राधिकरण (बीमितको तर्फबाट) | श्री उत्तर कुमार श्रेष्ठ/ डा.जीवेन्द्र झा | सदस्य | २०६२।०५।२६ |
| ५ | बीमा विज्ञ | श्री राजुकुमार सिवाकोटी | सदस्य | २०६३।११।०२ |
| ६ | बीमा समिति | डा. अनिल राज भट्टराई | सचिव | |

## २ मानव संसाधन

बीमा ऐन, २०४९ को कार्यान्वयन पश्चात दिनानुदिन बढ्दै गइरहेको समितिको जिम्मेवारी तथा नेपाल सरकारले तोकिदिएको जिम्मेवारी पूरा गर्न आवश्यक संगठनात्मक संरचना सम्बन्धमा समितिबाट समय समयमा अध्ययन गरी संरचनाको ढाँचा लागू गरेको छ । समितिमा हाल २ वटा विभाग ४ वटा महाशाखा ९ वटा शाखा रहेका छन् ।

बीमा समितिमा पुर्णकालीन अध्यक्ष सहित हाल एक कार्यकारी निर्देशक, एक निर्देशक, चार उप-निर्देशक, दश सहायक निर्देशक, दश सहायक प्रथम, तीन चालक तथा एघार कार्यालय सहयोगी गरी जम्मा ४१ जना कर्मचारीहरुको दरवन्दी रहेको छ ।

बढ्दो बीमा बजारको आकार, सुपरिवेक्षण तथा कानून प्रवलीकरणको चुनौती कर्मचारीहरुको व्यवस्थापनका लागि नयाँ नयाँ सूचना प्रविधिको उपयोग बढाउनु पर्ने, बीमा बजारको अध्ययन अनुसन्धान गर्ने, लगानीकर्ताको लगानी सुरक्षणका साथै नियमन,सुपरिवेक्षण तथा विकास व्यवस्थामा सुधार ल्याउन हालको मौजुदा जनशक्ति अपर्याप्त छ । विशेष गरी मानवीय संसाधनको आवश्यकतालाई मध्यनजर गर्दै विभिन्न तहमा कर्मचारीहरुको खाँचो समेतलाई दृष्टिगत गर्दै बिस्तृत अध्ययन कार्य भैरहेको छ । समितिमा कार्यरत कर्मचारीहरुको नामावली अनुसूची-१ मा प्रस्तुत गरिएको छ ।

बढ्दो बीमा बजारको नियमनको जिम्मेवारीमा भएको बृद्धि अनुरुप समितिको संस्थागत क्षमता अभिबृद्धि गर्न आवश्यक भएको महशुस गरी संस्थागत सुधार तर्फ समितिको ध्यान केन्द्रित भएको छ । यसै सम्बन्धमा देश बाहिरका अनुभवि विज्ञहरुको समेत सल्लाह लिने कार्य भएको छ । समितिले आफ्ना कार्य सम्पादनको क्रममा आवश्यतानुसार बीमाङ्की, लेखाविद, कानून विद, बीमा सर्भेयर, बीमा अभिकर्ता तथा अन्य सम्बन्धित बिज्ञहरुको समेत परामर्श लिने गरेको छ ।

बीमा समितिको आफ्नो कार्यालय भवन दुई रोपनी जग्गामा दुई तल्ला निर्माण गरिसकेको अवस्था छ । तर भविश्यमा यही भौतिक संरचनाले अपुग हुने देखि शहरी क्षेत्रमा जग्गा व्यवस्था गर्नका लागि श्री नेपाल सरकार अर्थ मन्त्रालयमा पहल भैरहेको छ ।

## ३. अन्य समिति

बीमा ऐन, २०४९ को दफा ९ को व्यवस्था अनुसार समितिले आफ्नो कार्य सुचारु रुपले संचालन गर्नका लागि आवश्यकतानुसार उप-समितिहरु गठन गर्न सक्नेछ । त्यस्तो उप-समितिको काम, कर्तव्य, अधिकार, तथा बैठक सम्बन्धी कार्यविधि समितिले तोकिदिए बमोजिम हुनेछ ।

### ३.१. बीमादर सल्लाहकार समिति

बीमा ऐन, २०४९ को दफा ४१ बमोजिम नेपाल सरकारले बीमा व्यवसायको बीमा दर कायम गर्ने सम्बन्धमा समितिलाई आवश्यक सल्लाह तथा सुझाव प्रदान गर्नका लागि देहायका सदस्यहरु रहेको एक बीमा दर सल्लाहकार समिति गठन गरेको छ ।

(क) अध्यक्ष, बीमा समिति - अध्यक्ष

(ख) बीमकका प्रमुखहरु मध्येबाट नेपाल सरकारले मनोनीत गरेको तीनजना - सदस्य

(ग) सचिव, बीमा समिति - सदस्य-सचिव

### ३.२. पदपूर्ति समिति

बीमा समिति कर्मचारी सेवा शर्त विनियमावली, २०५४ को विनियम १० मा पदपूर्ति समितिको गठनको व्यवस्था रहेको छ । सोही व्यवस्था बमोजिम सेवा पद खुल्ला प्रतियोगिता वा कार्य क्षमताको मूल्याङ्कन तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गर्नका लागि समिति समक्ष सिफारिस गर्न देहाय बमोजिमको एक पदपूर्ति समिति गठन गरिने छ ।

| | |
|---|---|
| (क) अध्यक्ष, बीमा समिति - | अध्यक्ष |
| (ख) प्रतिनिध अर्थमन्त्रालय - | सदस्य |
| (ग) बीमा समिति तोकेका सेवा विशेषज्ञ - | सदस्य |
| (घ) बीमा समितिको विभागिय प्रमुख कर्मचारी प्रशासन विभाग - | सदस्य-सचिव |

पदपूर्ति समितिले आफ्नो बैठक सम्बन्धी सम्पूर्ण कार्यविधि आफैले निर्धारण गर्न सक्नेछ । आवश्यकतानुसार पदसंग सम्बन्धित विशेषज्ञ आमन्त्रण गर्न सक्नेछ ।

## ४ बीमा समितिको काम, कर्तब्य र अधिकार

बीमा ऐन, २०४९ को दफा (८) बमोजिम समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम रहेको छ :

(क) बीमा व्यवसायलाई व्यवस्थित, नियमित, विकसित तथा नियन्त्रित गर्नको लागि नीति निर्धारण गर्न नेपाल सरकारलाई आवश्यक सुझाव दिने,

(ख) बीमाबाट प्राप्त हुन आएको रकम लगानी गर्नको लागि नीति निर्धारण गरी प्राथमिकता क्षेत्र तोक्ने,

(ग) बीमक, बीमा अभिकर्ता, सर्भेयर, दलालको इजाजतपत्र दर्ता र नवीकरण गर्ने तथा दर्ता खारेज गर्ने, गराउने,

(घ) बीमक तथा बीमित बीचको वाद विवादमा मध्यस्थता गर्ने,

(ङ) बीमा दायित्व निर्धारणका सम्बन्धमा बीमक विरुद्ध बीमितले दिएको उजूरी उपर निर्णय गर्ने,

(च) बीमा व्यवसायका सम्बन्धमा बीमकलाई समय-समयमा आवश्यक निर्देशन दिने

(छ) बीमितको हित रक्षाको निम्ति आवश्यक आधार तर्जुमा गर्ने, र

(ज) बीमा व्यवसायसंग सम्बन्धित अन्य आवश्यक कार्य गर्ने, गराउने

## ५. बीमा ऐन, २०४९ को उद्देश्य प्राप्तिको लागि सम्पादन गरिने मुख्य मुख्य कार्यहरु देहाय बमोजिम रहेका छन्:

### ५.१ बीमा व्यवसायलाई बिकसित गर्ने उद्देश्यसंग सम्बन्धित कार्यहरुः

(क) तालिम, सेमिनार, गोष्ठि, अन्तरक्रिया आदि संचालन,

(ख) चेतनामूलक, प्रचारात्मक तथा जानकारीमूलक कार्यक्रमहरु संचालन,

(ग) अध्ययन, अनुसन्धान,

(घ) स्थानीय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय क्षेत्रका बीमा नियमनकारी तथा अन्य निकायहरुसंग समन्वय तथा सम्बन्ध ।

### ५.२ बीमा व्यवसायलाई व्यवस्थित गर्ने उद्देश्यसंग सम्बन्धित कार्यहरु :

(क) बीमक, बीमा अभिकर्ता, बीमा सर्भेयर, तथा बीमा दलालको इजाजतपत्र दर्ता र नवीकरण

(ख) ऐन, नियम, नीति, निर्देशन तर्जुमा र कार्यान्वयन,

(ग) बीमालेख स्वीकृति,

(घ) बीमकको व्यवसाय बिस्तार र स्वीकृति,

(ङ) बीमकको वित्तीय विवरणको बीमाङ्कीय मूल्यांकन प्रतिवेदन बमोजिम व्यवस्था गर्न स्वीकृति,

(च) बीमकको लगानी सम्बन्धी नीति निर्धारण तथा स्वीकृति,

(छ) बीमा दावी विवादमा मध्यस्थता,

(ज) बीमा दावी उजुरी उपर अर्धन्यायिक निकायको रुपमा सुरु किनारा

(झ) पुनर्बीमाशुल्क भुक्तानी गर्न बिदेशी मुद्रा सटही सिफारिस ।

### ५.३ बीमा व्यवसायलाई नियमित गर्ने उद्देश्यसंग सम्बन्धित कार्यहरु

(क) स्थलगत, गैर स्थलगत निरीक्षण तथा अनुगमन (बिस्तृत तथा आकस्मिक),

(ख) उजुरी छानविन तथा निर्देशन,

(ग) बिदेशी मुद्रा सिफारिस,

(घ) पुनर्बीमा सम्बन्धि नीति निर्देशन,

(ङ) स्थिर सम्पत्ती खरिद विक्रि स्वीकृति ।

### ५.४ बीमा व्यवसायलाई नियन्त्रित गर्ने उद्देश्यसंग सम्बन्धित कार्यहरु

(क) आदेश तथा निर्देशन,

(ख) सचेत,

(ग) दण्ड तथा जरिवाना,

(घ) कारोवार रोक्का (आंशिक वा पूर्ण),

(ङ) इजाजत पत्र खारेज ।

## ६ समितिको आयस्रोत :

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) कुनै विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,

(ग) बीमक, बीमा अभिकर्ता तथा सर्भेयरको इजाजतपत्र दर्ता र नवीकरण आदिबाट प्राप्त रकम,

(घ) सेवा शुल्कबाट प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

## ७. अन्तर्राष्ट्रिय सम्बन्ध :

यस समिति, स्वीजरल्याण्डको बासेल स्थित बीमा नियमनकारी निकायहरुको अन्तर्राष्ट्रिय संगठन International Association of Insurance Supervisors (IAIS) को संस्थापक सदस्य रहेको छ । उक्त निकायको बार्षिक बैठकमा संस्थापक सदस्य भएको नाताले सहभागी जनाउँदै आएको छ । सोही संस्थाले प्रतिपादन गरेका Insurance Core Principle लागू गर्ने तर्फ समिति उन्मुख रहेको छ । यसका साथै, Insurance Congress of Developing Contries (ICDC) तथा South Asian Insurance Regulators Forum (SAIRF) को पनि सदस्य रहदै आएको छ । छिमेकी राष्ट्र भारतको बीमा सम्बन्धी नियमनकारी निकाय Insurance Regulatory & Development Authority of India (IRDA) का साथै अन्य मित्र राष्ट्रहरुका बीमा नियमनकारी निकायहरुसंगको सम्बन्धमा विस्तार भएको छ ।

## ८. समितिको कार्यक्षेत्र

### ८.१ जीवन तथा निर्जीवन बीमा व्यवसाय गर्ने बीमक

- राष्ट्रिय बीमा संस्थान, रामशाहपथ, काठमाण्डौ ।

### ८.२ जीवन बीमा व्यवसाय गर्ने बीमकहरु :

- नेशनल लाईफ ईन्स्योरेन्स कम्पनी लिमिटेड, नक्साल, काठमाण्डौ ।
- नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, कमलादी, काठमाण्डौ ।
- लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड, कमलादी, काठमाण्डौ ।
- अमेरिकन लाइफ इन्स्योरेन्स कम्पनी (ALICO), पुल्चोक, ललितपुर ।
- एशियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, पुतलीसडक, काठमाण्डौ ।
- सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, नक्साल, काठमाण्डौ ।
- गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, लाल कोलनीमार्ग, काठमाण्डौ ।
- प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, हात्तिसार, काठमाण्डौ ।

### ८.३. निर्जीवन बीमा व्यवसाय संचालन गर्ने बीमकहरु :

- नेपाल ईन्स्योरेन्स कम्पनी लिमिटेड, कमलादी, काठमाण्डौं ।
- दि ओरिएण्टल ईन्स्योरेन्स कम्पनी लिमिटेड, कान्तिपथ, काठमाण्डौं ।
- नेशनल ईन्स्योरेन्स कम्पनी लिमिटेड, त्रिपुरेश्वर, काठमाण्डौं ।
- हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लिमिटेड, दरबार मार्ग, काठमाण्डौं ।
- यूनाइटेड इन्स्योरेन्स कम्पनी (नेपाल) लिमिटेड, दरवार मार्ग, काठमाण्डौं ।
- प्रिमियर इन्स्योरेन्स कम्पनी (नेपाल) लिमिटेड, त्रिपुरेश्वर, काठमाण्डौं ।
- एभरेष्ट इन्स्योरेन्स कम्पनी लिमिटेड, हात्तिसार, काठमाण्डौं ।
- नेको इन्सुरेन्स लिमिटेड, हात्तिसार, काठमाण्डौं ।
- सगरमाथा इन्स्योरेन्स कम्पनी लिमिटेड, कमलादी, काठमाण्डौं ।
- एलाइन्स इन्स्योरेन्स कम्पनी लिमिटेड, दरबार मार्ग, काठमाण्डौं ।
- एन.वि. इन्सुरेन्स कम्पनी लिमिटेड, लाल दरबार, काठमाण्डौं ।

- प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लिमिटेड, पुतली सडक, काठमाण्डौं ।
- शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड, नयाँ बानेश्वर, काठमाण्डौं ।
- लुम्विनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड, ठमेल, काठमाण्डौं ।
- एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड, लाजिम्पाट, काठमाण्डौं ।
- सिद्धार्थ इन्स्योरेन्स लिमिटेड, त्रिपुरेश्वर, काठमाण्डौं ।

### ८.४ आकस्मिक बीमा कोष

नेपाल सरकार तथा निर्जीवन बीमा कम्पनीहरु सदस्य रहेको आकस्मिक बीमा कोषको कार्यालय, काठमाण्डौ ।

### ८.५ बीमा व्यवसायसंग सम्बन्धित पेशागत संघ र संगठनहरु :

- नेपाल बीमक संघ, काठमाण्डौं ।
- नेपाल इन्स्योरेन्स प्रोफेसनल सोसाइटी, काठमाण्डौं ।
- नेपाल पेशागत बीमा अभिकर्ता संघ, काठमाण्डौं ।
- नेपाल सर्भेयर एसोसियसन, काठमाण्डौं ।
- अन्य पेशागत श्रम संगठनहरु, काठमाण्डौ ।

## ९. संक्षिप्त आर्थिक रुपरेखाः

विश्वको अर्थ व्यवस्थामा वित्तिय संकट, आर्थिक तरलता उच्च मूल्यबृद्धि र विभिन्न भु-भागमा प्राकृतिक प्रकोप जस्ता अवस्थाको प्रभाव देखा परेता पनि खासगरी अनुकुल वित्तीय बजारको स्थिति तथा समायोजनात्मक समष्टिगत आर्थिक नीतिहरुका कारण विश्वको आर्थिक बृद्धिदर उत्साहजनक रहन गएको देखिन्छ । औद्योगिक उत्पादनमा भएको उच्च बृद्धि, सेवा क्षेत्रको सवलता, अन्तर्राष्ट्रिय ब्यापारमा तिव्र विस्तार, उपभोक्ताको बढ्दो विश्वासका साथै सुदृढ श्रम बजारको कारण सन् २००९ मा आर्थिक बृद्धिदर ऋणात्मक भएको र सन् २०१० मा आर्थिक बृद्धिदरमा सुधार आएको देखिन्छ ।

नेपालको परिप्रेक्ष्यमा विगतको द्वन्द कालमा उत्पन्न शान्ति सुरक्षाको असहज परिस्थितिले गर्दा भौतिक संरचना एवं विकासका पूर्वाधारमा असामान्य क्षति पुग्नुको साथै त्यस्तो असहज परिस्थिति, पटक पटक भइरहने बन्द-हड्ताल, लोडसेडिङ्ग, नियमित आपूर्तिमा देखिएको समस्या, व्यबसायी र श्रमिकहरू बीच सिर्जना भइरहने असमझदारी, औद्योगिक सुरक्षाको अभाव उचित लगानी नीतिका अभाव, औद्योगिक तथा व्यावसायिक वातावरण सहज नभएको हुँदा नेपालको आर्थिक बृद्धिदरमा उल्लेखनिय बृद्धि हुन सकेन ।

## १०. अन्तर्राष्ट्रिय आर्थिक वृद्धिदर :

सन् २००५  देखि २०१० सम्ममा विश्वको आर्थिक वृद्धिदर ४.४%, ५.०%, ५.२% र ३.०%,-०.६% रहेको छ भने सन् २०१० मा ४.२%  रहेको छ ।

विकसित अर्थतन्त्रहरुको आर्थिक वृद्धिदर सन् २००५ देखि २०१० सम्ममा २.७%, २.५%, २.२८%, र ०.५%,-३.२% र सन् २०१० मा २.३% रहेको छ ।

सन् २००५ देखि २००९ सम्ममा नेपालका छिमेकी राष्ट्रहरु मध्ये भारतको आर्थिक वृद्धिदर ९.१%, ९.७%, ९.४%, ७.३% र ५.७% तथा चीनको १०.४%, ११.१%, १३.६% र ९.६%,८.७% रहेकोमा सन् २०१० मा भारतको ८.८% र चीनको १०.००% आर्थिक वृद्धिदर रहेको छ ।

## ११. राष्ट्रिय आर्थिक बृद्धिदर :

सन् २००५ देखि २००९ सम्ममा नेपालको आर्थिक बृद्धिदर ३.१%, २.८%, ३.३%, ५.३%, ४.७% र सन् २०१० मा ३.०% रहेको छ ।

माथिका तथ्याङ्कहरुलाई बिश्लेषण गर्दा नेपालको आर्थिक बृद्धिदर विश्वको औषत बृद्धिदरको हाराहारीमा रहेको तर छिमेकी मूलुकहरु भारत र चीनको बृद्धिदरको तुलनामा निकै कम रहेको देखिन्छ (तालिका २) ।

तालिका २

विश्वको आर्थिक बृद्धिदर

| विवरण | आर्थिक बृद्धिदर (प्रतिशतमा) | | | | | |
|---|---|---|---|---|---|---|
| | २००५ | २००६ | २००७ | २००८ | २००९ | २०१० |
| विश्व अर्थतन्त्र | ४.४ | ५.० | ५.२ | ३.० | -०.६ | ४.२ |
| विकसित अर्थतन्त्रहरु | २.७ | २.५ | २.२८ | ०.५ | -३.२ | २.३ |
| चीन | १०.४ | ११.१ | १३.६ | ९.६ | ८.७ | १०.०० |
| भारत | ९.१ | ९.७ | ९.४ | ७.३ | ५.७ | ८.८ |
| नेपाल | ३.१ | २.८ | ३.३ | ५.३ | ४.७ | ३.० |

*श्रोत :: आर्थिक सर्वेक्षण २०६६/६७*




## १२. नेपालको बीमा बजारको वस्तुस्थिति :

### १२.१ कुल बीमाशुल्क आर्जन

नेपालको बीमा व्यवसायबाट आ.ब. २०६६/६७ मा रु. १५ अर्ब २६ करोड २७ लाख बीमाशुल्क आर्जन भएको देखिन्छ भने आ.ब. २०६५/६६ मा रु. १० अर्ब ९० करोड बीमाशुल्क आर्जन भएको थियो । यसरी आ.ब. ०६५/६६ को तुलनामा आ.ब. २०६६/६७ मा बीमाशुल्क आर्जनमा रु.४ अर्ब ३६ करोड २७ लाख अर्थात ४०.०२% ले बृद्धि भएको देखिन्छ । आ.ब. २०६०/६१ देखि आ.ब. २०६६/६७ सम्ममा

कुल बीमाशुल्क आर्जनमा क्रमशः १०.८१%, २१.०८%, १४.१४%, १८.६३%,१५.९६%,२७.५८% र ४०.०२% ले बृद्धि भएको देखिन्छ (तालिका ३)।

आ.ब. २०६०/६१ देखि आ.ब. २०६६/६७ सम्ममा जीवन बीमाशुल्क आर्जनमा क्रमश : ३१.३३%, २६.५७%, २३.१५%, २२.८९%, १७.३४%, ३४.३३% र ३४.८६% ले बृद्धि भएको देखिन्छ। (तालिका ३)।

आ.ब. २०६०/६१ देखि आ.ब. २०६६/६७ सम्ममा निर्जीवन बीमाशुल्क आर्जनमा क्रमश : –३.१२%, १६.०४%, ५.१०%, १३.६३%,१४.२१% , १८.७७% र ४७.६५% ले बृद्धि भएको देखिन्छ। (तालिका ३)

## तालिका ३
## जीवन तथा निर्जीवन बीमा व्यवसायबाट आर्जन भएको कुल बीमाशुल्क

| आर्थिक बर्ष | जीवन बीमाशुल्क आर्जन (रु.करोडमा) | अघिल्लो आ.ब.को तुलनामा बृद्धि प्रतिशत | निर्जीवन बीमाशुल्क आर्जन (रु.करोडमा) | अघिल्लो आ.ब.को तुलनामा बृद्धि प्रतिशत | कुल बीमाशुल्क (रु.करोडमा) | अघिल्लो आ.ब.को तुलनामा बृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|
| २०६०/६१ | २१५.२८ | ३१.३३ | २३४.०८ | (३.१२) | ४४९.३६ | १०.८१ |
| २०६१/६२ | २७२.४८ | २६.५७ | २७१.६२ | १६.०४ | ५४४.१० | २१.०८ |
| २०६२/६३ | ३३५.५५ | २३.१५ | २८५.४६ | ५.१० | ६२१.०१ | १४.१४ |
| २०६३/६४ | ४१२.३५ | २२.८९ | ३२४.३६ | १३.६३ | ७३६.७१ | १८.६३ |
| २०६४/६५ | ४८३.८७ | १७.३४ | ३७०.४५ | १४.२१ | ८५४.३२ | १५.९६ |
| २०६५/६६ | ६५०.०० | ३४.३३ | ४४०.०० | १८.७७ | १०९०.०० | २७.५८ |
| २०६६।६७ | ८७६.६० | ३४.८६ | ६४९.६७ | ४७.६५ | १५२६.२७ | ४०.०२ |

श्रोत : बीमा समिति
राष्ट्रिय बीमा संस्थानको आ.ब. २०६०/६१ देखि २०६६/६७ सम्मको अनुमानित विवरण समावेस गरिएको।



आ.ब. २०६०/६१ देखि २०६६/६७ सम्मको नेपालको बीमा व्यवासयको जीवन, निर्जीवन तथा कुल बीमाशुल्क बृद्धिदरलाई निम्नानुसारको चित्रमा प्रस्तुत गरिएको छ (तालिका ३) ।



## १२.२ कुल ग्रार्हस्थ उत्पादनमा बीमाशुल्कको योगदान :

कुल बीमाशुल्कलाई कुल गार्हस्थ उत्पादन (प्रचलित मूल्यमा) संग तुलना गर्दा आ.ब. ०६६/६७ मा कुल गार्हस्थ उत्पादनमा बीमाशुल्कको योगदान १.२९% रहेको देखिन्छ । आ.व. ०६०/६१ देखि ०६५/६६ सम्ममा सो योगदान क्रमशः ०.८४%, ०.९२%, .०.९४%, ०.९९%, १.०४%, र १.०९% रहेको छ ( तालिका ४)।

तालिका ४
कुल गार्हस्थ उत्पादनको तुलनामा कुल बीमाशुल्क आर्जन**

| आ.ब. | कुल बीमाशुल्क आर्जन (रु.करोडमा) | कुल गार्हस्थ उत्पादन (प्रचलित मूल्यमा)* (रु.करोडमा) | कुल गार्हस्थ उत्पादनको तुलनामा कुल बीमाशुल्क आर्जन (प्रतिशतमा) |
|---|---|---|---|
| २०६०/६१ | ४४९.३६ | ५३६७५.०० | ०.८४ |
| २०६१/६२ | ५४४.१० | ५८९४१.०० | ०.९२ |
| २०६२/६३ | ६२१.०१ | ६५४०८.०० | ०.९४ |
| २०६३/६४ | ७३६.७१ | ७२७८३.०० | ०.९९ |
| २०६४/६५ | ८५४.३२ | ८१५६६.०० | १.०४ |
| २०६५/६६ | १०९०.०० | ९९१३२.०० | १.०९ |
| २०६६।६७ | १५२६.२७ | ११८३००.०० | १.२९ |

* श्रोत : आर्थिक सर्वेक्षण २०६६।०६७

** राष्ट्रिय बीमा संस्थानको आ.ब. २०६०/६१ देखि २०६६/६७ सम्मको अनुमानित विवरण समावेस गरिएको ।



## १२.३ जीवन बीमा व्यवसायबाट भएको लगानी :

प्रचलित बीमा ऐन तथा नियमावली अनुसार बीमकहरुको लगानी योग्य रकमलाई दीर्घकालीन रुपमा नेपाल भित्र लगानी गर्न लगाउने यस समितिको नीति भए बमोजिम बीमकहरुले नेपाल सरकारको राष्ट्रिय बचत-पत्र/ऋणपत्र, बैंक तथा वित्तीय संस्थाहरुको मुद्दती खाता, शेयर, बीमालेखको धितोमा कर्जा आदिमा उक्त रकम लगानी गर्दै आएका छन् । आ.ब. ०६०/६१ देखि आ.ब. ०६६/६७ सम्ममा जीवन बीमा व्यवसाय गर्ने बीमकहरुबाट क्रमश रु.१,०२५.९५ करोड, १,१८०.०२ करोड, रु.१,५२०.११ करोड, रु.१,८३९.७६ करोड, रु.२,०३४.९९ करोड, रु.२,६५१.६२ करोड र ३,६४६.७१ करोड लगानी भएको छ (तालिका नं.५) । साथै आ.ब. ०६५/६६ को तुलनामा आ.ब. ०६६/६७ मा ३७.५२% ले लगानी रकममा बृद्धि भएको देखिन्छ (तालिका ५) ।

**तालिका-५**

जीवन बीमा व्यवसायबाट भएको लगानी

(रु.करोडमा)

| कम्पनीको नाम | २०६०/६१ | २०६१/६२ | २०६२/६३ | २०६३/६४ | २०६४/६५ | २०६५/६६ | २०६६।६७ |
|---|---|---|---|---|---|---|---|
| राष्ट्रिय बीमा संस्थान* | ६९६.८५ | ७३३.१३ | ७७५.३९ | ८१७.५३ | ८५५.९८ | १०२५.०० | ११७५.०९ |
| नेशनल लाईफ इ.कं.लि. | १३७.०८ | १७२.१७ | १९३.६७ | २५७.९२ | ३१०.८० | ३५४.८४ | ५१५.७८ |
| नेपाल लाइफ इ.कं.लि. | ८२.९२ | १०६.१० | १५८.४८ | २२७.०६ | २७३.६० | ३५९.७२ | ५८८.९० |
| लाइफ इ.कर्पोरेशन (नेपाल) लि. | ५६.८१ | ८९.०२ | १३५.४९ | २१३.४४ | २६८.९२ | ३५७.२८ | ५४९.७३ |
| अमेरिकन लाइफ इ.कं. | ५२.२८ | ७९.६१ | २५७.०८ | ३२३.८१ | ३२५.६९ | ४०८.९६ | ५३०.८१ |
| एशियन लाइफ इ.कं.लि. | | | | | २५.४७ | ५३.०१ | १२१.८५ |
| सूर्या लाइफ इ.कं.लि. | | | | | २४.८२ | २५.०६ | ४४.८१ |
| गुरांश लाइफ इ.कं.लि. | | | | | २३.०० | २७.६० | ४६.५४ |
| प्राइम लाइफ इ.कं.लि. | | | | | २३.६१ | ४०.१५ | ७३.२० |
| **जम्मा** | **१,०२५.९५** | **१,१८०.०२** | **१,५२०.११** | **१,८३९.७६** | **२,०३४.९९** | **२६५१.६२** | **३६४६.७१** |

*राष्ट्रिय बीमा संस्थानको आ.ब. २०६०/६१ देखि २०६६/६७ सम्मको अनुमानित विवरण समावेस गरिएको ।



## १२.४ निर्जीवन बीमा व्यवसायबाट भएको लगानी :

आर्थिक बर्ष ०६०/६१ देखि ०६६/६७ सम्ममा निर्जीवन बीमा व्यवसायबाट नेपालभित्र लगानी योग्य रकम क्रमशः रु.२६६.०९ करोड, रु.३०३.२३ करोड, रु.३२१.१० करोड, रु.३४४.७५ करोड, रु.४१८.३१ करोड, रु.५००.७९ करोड र रु.६८०.६० करोड लगानी भएको छ (तालिका ६)।

*तालिका ६*

निर्जीवन बीमा व्यवसायबाट भएको लगानी

*(रकम रु. करोडमा)*

| कम्पनीको नाम | २०६०/६१ | २०६१/६२ | २०६२/६३ | २०६३/६४ | २०६४/६५ | २०६५/६६ | २०६६।६७ |
|---|---|---|---|---|---|---|---|
| नेपाल इ.कं.लि. | २०.१० | १९.०८ | १९.१२ | २१.२० | २६.३७ | २८.८६ | ३१.५९ |
| दि ओरिएण्टल इ.कं.लि. | २९.८६ | ४१.०७ | ४२.७८ | ४२.९४ | ५९.५१ | ६३.१७ | ८७.९२ |
| राष्ट्रिय बीमा संस्थान* | ८४.११ | ८७.२७ | ८७.०१ | ८८.४२ | ८८.३५ | १२१.८२ | १०६.८६ |
| नेशनल इ.कं.लि. | २१.६७ | २६.३३ | २५.२२ | ४०.९० | ४१.२४ | ४८.४८ | ७४.५६ |
| हिमालयन ज.इ.कं.लि. | ९.१४ | ११.०८ | ८.३६ | ८.१० | ८.६५ | २४.८१ | ३६.०१ |
| युनाईटेड इ.कं. (नेपाल) लि. | १०.७६ | १४.३६ | १५.६० | १७.२७ | २४.३ | २५.९४ | ३२.५४ |
| प्रिमियर इ.कं. (नेपाल) लि. | ९.०२ | १०.२२ | ११.२६ | १२.७६ | १६.२४ | २१.३७ | २४.९१ |
| एभरेष्ट इ.कं. लि. | ११.४५ | ११.३८ | १४.१६ | १३.२३ | २४.३५ | २४.२३ | २७.८९ |
| नेको इ.लि. | १०.०६ | १०.११ | १०.११ | ९.११ | ९.८७ | १७.९१ | २३.३९ |
| सगरमाथा इ.कं.लि. | १३.५२ | १५.०४ | १७.०५ | १७.६१ | २०.३६ | २७.४१ | ५४.५४ |
| एलाइन्स इ.कं.लि. | ८.८३ | ६.४४ | ७.०३ | ९.०३ | १२.९१ | १२.८९ | २७.३७ |
| एन.बी. इ.कं.लि. | १३.२३ | १४.६७ | १५.४० | ९.७५ | ८.६३ | ८.७३ | ११.४५ |
| प्रुडेन्सियल इ.कं.लि. | ११.९९ | १४.०१ | १२.४० | १२.०८ | १५.०९ | १४.०० | २२.३० |
| शिखर इ.कं.लि. | | ९.२३ | १२.२१ | १३.९४ | १५.८२ | १५.७५ | २४.१७ |
| लुम्बिनी जनरल इ.कं.लि. | | | ११.९३ | १३.६४ | १८.४५ | १२.८७ | २२.२७ |
| एनएलजी इ.कं.लि. | १२.३५ | १२.९४ | ६.०० | ६.८१ | १७.६६ | २१.१४ | ५६.२० |
| सिद्धार्थ इ.लि. | | | ५.४६ | ७.९६ | १०.५१ | ११.४१ | १६.६३ |
| जम्मा | २६६.०९ | ३०३.२३ | ३२१.१० | ३४४.७५ | ४१८.३१ | ५००.७९ | ६८०.६० |

*राष्ट्रिय बीमा संस्थानको आ.ब. २०६०/६१ देखि २०६६/६७ सम्मको अनुमानित विवरण समावेस गरिएको।



## १२.५ खुद नाफाको विवरण

नेपालमा संचालित निर्जीवन बीमा कम्पनीहरुले आ.व.०६०।०६१ देखि आ.व.२०६६।०६७ सम्म गरेको खुद नाफा रकम क्रमशः रु.२५.६५ करोड, रु.२५.०५ करोड, रु.२३.०५ करोड, रु.२२.४७ करोड, रु.२८.९७ करोड, रु.४६.९३ करोड र रु.५६.५९ करोड रहेको छ । आ.व.२०६५।६६ को तुलनामा आ.व.२०६६।०६७६ मा निर्जीवन बीमा व्यवसाय गर्ने बीमकहरुले आर्जन गरेको खुद नाफामा २०.५८ प्रतिशतले बृद्धि भएको  देखिन्छ । (तालिका ७)

*तालिका ७*

नेपालमा निर्जीवन बीमा व्यवसाय गर्ने बीमकहरुले आर्जन गरेको खुद नाफाको विवरण

(आ.ब. २०६०/६१ - २०६६/६७)

| बीमकको नाम | विवरण | २०६०/६१ | २०६१/६२ | २०६२/६३ | २०६३/६४ | २०६४/६५ | २०६५/६६ | २०६६/६७ |
|---|---|---|---|---|---|---|---|---|
| नेपाल इ.कं.लि. | खुद नाफा (रु.करोडमा) | २.६८ | १.७४ | १.०१ | २.२५ | ०.६९ | ४.७५ | ३.८५ |
| | बजार हिस्सा (%) | १०.४५ | ६.९५ | ४.३८ | १०.०१ | २.३८ | १०.१२ | ६.८० |
| दि ओरियण्टल इ.कं.लि. | खुद नाफा (रु.करोडमा) | ४.३९ | ४.४० | ४.३१ | ५.७५ | ४.४१ | ७०८ | ४.९१ |
| | बजार हिस्सा (%) | १७.१२ | १७.५६ | १८.७० | २५.५९ | १५.२२ | १५.०९ | ८.६८ |
| राष्ट्रिय बीमा संस्थान* | खुद नाफा (रु.करोडमा) | ५.७० | ५.७५ | ६.०५ | ५.५६ | ६.१७ | ६.४६ | ६.०० |
| | बजार हिस्सा (%) | २२.२२ | २२.९५ | २६.२५ | २४.७४ | २१.३० | १३.७७ | १०.६० |
| नेशनल इ.कं.लि. | खुद नाफा (रु.करोडमा) | ३.२४ | २.३४ | २.९४ | | ७.३७ | ५.२२ | ६.०५ |
| | बजार हिस्सा (%) | १२.६३ | ९.३४ | १२.७५ | | २५.४४ | ११.१२ | १०.६९ |
| हिमालयन ज.इ.कं.लि. | खुद नाफा (रु.करोडमा) | १.३५ | १.१० | १.२० | ०.७५ | ०.६७ | २.४४ | ३.२० |
| | बजार हिस्सा (%) | ५.२६ | ४.३९ | ५.२१ | ३.३४ | २.३१ | ५.२० | ५.६५ |
| यूनाइटेड इ.कं.(नेपाल) लि. | खुद नाफा (रु.करोडमा) | १.३५ | ०.९५ | ०.८७ | ०.५८ | १.६१ | ०.६३ | ०.९७ |
| | बजार हिस्सा (%) | ५.२६ | ३.७९ | ३.७७ | २.५८ | ५.५६ | १.३४ | १.७१ |
| प्रिमियर इ.कं.(नेपाल) लि. | खुद नाफा (रु.करोडमा) | ०.७५ | १.४० | १.३० | ०.५५ | १.०५ | १.३६ | १.७० |
| | बजार हिस्सा (%) | २.९२ | ५.५९ | ५.६४ | २.४५ | ३.६२ | २.९० | ३.०० |
| एभरेष्ट इ.कं.लि. | खुद नाफा (रु.करोडमा) | १.७२ | १.०१ | १.२५ | २.२१ | | ३.६६ | ४.११ |
| | बजार हिस्सा (%) | ६.७१ | ४.०३ | ५.४२ | ९.८४ | | ७.८० | ७.२६ |
| नेको इ.लि. | खुद नाफा (रु.करोडमा) | ०.४४ | ०.१५ | ०.०३ | | ०.०३ | ०.८० | १.८६ |
| | बजार हिस्सा (%) | १.७२ | ०.६० | ०.१३ | | ०.१० | १.७० | ३.२९ |
| सगरमाथा इ.कं.लि. | खुद नाफा (रु.करोडमा) | ०.४४ | १.६९ | १.६९ | १.१६ | १.५४ | ४.२७ | ५.६० |
| | बजार हिस्सा (%) | १.७२ | ६.७५ | ७.३३ | ५.१६ | ५.३२ | ९.१० | ९.९० |
| एलाइन्स इ.कं.लि. | खुद नाफा (रु.करोडमा) | ०.२० | ०.३३ | ०.६६ | १.११ | ०.३८ | १.३७ | २.२६ |
| | बजार हिस्सा (%) | ०.७८ | १.३२ | २.८६ | ४.९४ | १.३१ | २.९२ | ३.९९ |
| एन.वि.इ.कं.लि. | खुद नाफा (रु.करोडमा) | १.८४ | १.९४ | | | ०.७१ | १.०२ | ३.०५ |
| | बजार हिस्सा (%) | ७.१७ | ७.७४ | | | २.४५ | २.१७ | ५.३९ |
| प्रुडेन्सियल इ.कं.लि. | खुद नाफा (रु.करोडमा) | ०.२० | ०.३६ | ०.८६ | १.०३ | ०.६३ | १.०८ | १.३५ |
| | बजार हिस्सा (%) | ०.७८ | १.४४ | ३.७३ | ४.५८ | २.१७ | २.३० | २.३९ |
| शिखर इ.कं.लि. | खुद नाफा (रु.करोडमा) | | ०.२२ | ०.५७ | १.१२ | १.१२ | २.५५ | ३.४४ |
| | बजार हिस्सा (%) | | ०.८८ | २.४७ | ४.९८ | ३.८७ | ५.४३ | ६.०८ |
| लुम्विनी ज.इ.कं.लि. | खुद नाफा (रु.करोडमा) | | | ०.११ | ०.२८ | १.०६ | १.५० | २.३६ |
| | बजार हिस्सा (%) | | | ०.४८ | १.२५ | ३.६६ | ३.१९ | ४.१७ |
| एनएलजी इ.कं.लि. | खुद नाफा (रु.करोडमा) | १.३५ | १.६७ | ०.१७ | | १.०४ | २.०९ | ४.३५ |
| | बजार हिस्सा (%) | ५.२६ | ६.६७ | ०.७४ | | ३.५९ | ४.४५ | ७.६९ |
| सिद्धार्थ इ.लि. | खुद नाफा (रु.करोडमा) | | | ०.०३ | ०.१२ | ०.४९ | ०.६६ | १.५३ |
| | बजार हिस्सा (%) | | | ०.१३ | ०.५३ | १.६९ | १.४० | २.७१ |
| सबै बीमकहरु | खुद नाफा (रु.करोडमा) | २५.६५ | २५.०५ | २३.०५ | २२.४७ | २८.९७ | ४६.९३ | ५६.५९ |
| | बजार हिस्सा (%) | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० |

*राष्ट्रिय बीमा संस्थानको आ.ब. २०६०/६१ देखि २०६६/६७ सम्मको अनुमानित विवरण समावेस गरिएको ।

## १२.६ बीमालेखको संख्या :

आर्थिक बर्ष ०६०/६१ देखि ०६६/६७ सम्ममा जीवन बीमालेख लिनेको संख्या क्रमशः १३५,००० वटा, ३०५,००० वटा, ३३०,००० वटा, ३५०,००० वटा, ३९०,००० वटा, ४७०,००० र ७१८,००० वटा रहेको छ (तालिका ८)।

आर्थिक बर्ष ०६१/६२ देखि ०६५/६६ सम्ममा निर्जीवन बीमालेख लिनको संख्या क्रमशः ११४,०००,२३९,००० वटा, २०४,००० वटा, २४६,००० वटा, २६९,००० वटा, ३०७,००० वटा, र ४७६,००० वटा रहेको छ (तालिका ८)।

*तालिका ८*

बीमालेख संख्याको विवरण

| आ.ब. | जीवन बीमालेखको संख्या | निर्जीवन बीमालेखको संख्या | जम्मा बीमालेखको संख्या |
|---|---|---|---|
| २०६०/६१ | १३५,००० | ११४,००० | २४९,००० |
| २०६१/६२ | ३०५,००० | २३९,००० | ५४४,००० |
| २०६२/६३ | ३३०,००० | २०४,००० | ५३४,००० |
| २०६३/६४ | ३५०,००० | २४६,००० | ५९६,००० |
| २०६४/६५ | ३९०,००० | २६९,००० | ६५९,००० |
| २०६५/६६ | ४७०,००० | ३०७,००० | ७७७,००० |
| २०६६/६७ | ७१८,००० | ४७६,००० | ११९,४००० |



## १२.७ बीमा व्यवसायमा संलग्न बीमा अभिकर्ताहरुको संख्या

बीमा बजारमा कार्यरत बीमा अभिकर्ताहरुको संख्या दिनानुदिन बृद्धि भईरहेको छ । आ.व.०६०।६१ देखि २०६६।६७ सम्ममा बीमा अभिकर्ताको संख्या क्रमशः १७६४२, १९६२८,३०१२४,३४७७८,४६५७५,४८६९७ र ६८१९६ रहेको छ (तालिका ९) ।

*तालिका ९*

*बीमा व्यवसायमा संलग्न बीमा अभिकर्ताहरुको संख्या*

| आ.ब. | दर्ता | नवीकरण | जम्मा |
|---|---|---|---|
| २०६०/६१ | ९९०८ | ७७३४ | १७६४२ |
| २०६१/६२ | ८८३१ | १०७९७ | १९६२८ |
| २०६२/६३ | १५६८९ | १४४३५ | ३०१२४ |
| २०६३/६४ | १९०२० | १५७५८ | ३४७७८ |
| २०६४/६५ | २४७८१ | २१७९४ | ४६५७५ |
| २०६५/६६ | २५६६२ | २३०३५ | ४८६९७ |
| २०६६/६७ | ३६६२० | ३१५७६ | ६८१९६ |



## १२.८ बीमा व्यवसायमा संलग्न बीमा  सर्भेयरहरुको संख्या

नेपालको बीमा बजारमा कार्यरत बीमा सर्भेयरहरुको संख्यामा समेत बृद्धि भईरहेको छ। आ.व.०६०।६१ देखि २०६६।६७ सम्ममा बीमा सर्भेयरको संख्या क्रमश: ८९,१०२,१२३,१५२,१४६,१४९ र १८७ रहेको छ (तालिका नं.१०) ।

*तालिका १०*
*बीमा व्यवसायमा संलग्न बीमा सर्भेयरहरुको संख्या*

| आ.ब. | दर्ता | नवीकरण | जम्मा |
|---|---|---|---|
| २०६०/६१ | १८ | ७१ | ८९ |
| २०६१/६२ | २६ | ७६ | १०२ |
| २०६२/६३ | ४४ | ७९ | १२३ |
| २०६३/६४ | ४३ | १०९ | १५२ |
| २०६४/६५ | २५ | १२१ | १४६ |
| २०६५/६६ | २५ | १२४ | १४९ |
| २०६६/६७ | ५८ | १२९ | १८७ |



## १२.९ बीमकहरुमा कार्यरत कर्मचारीहरुको संख्या

बीमा कम्पनीहरुमा आ.ब.०६०।६१ देखि २०६६।६७ सम्ममा क्रमश: १४१०, १५११, १६३७, १७६८, १९८७, २३७५ र २८९५ जनाले कर्मचारीको रुपमा रोजगार पाएका छन् । (तालिका नं.११)

*तालिका ११*
*बीमकहरुमा कार्यरत कर्मचारीहरुको संख्या*

| आ.ब. | संख्या |
|---|---|
| २०६०/६१ | १४१० |
| २०६१/६२ | १५११ |
| २०६२/६३ | १६३७ |
| २०६३/६४ | १७६८ |
| २०६४/६५ | १९८७ |
| २०६५/६६ | २३७५ |
| २०६६/६७ | २८९५ |



## १२.१० बीमकहरुको कार्यालय संख्या

बीमा व्यवसायलाई विकसित गर्ने उद्देश्य अन्तर्गत बीमा कम्पनीहरुले सेवा विस्तारको क्रममा नेपालको विभिन्न ठाउँमा कार्यालयहरु खोल्ने कार्यमा बृद्धि भएको देखिन्छ । आ.व.०६०।६१ देखि आ.व.०६६।६७ सम्म बीमा कम्पनीहरुको कार्यालय संख्या क्रमशः १०४,१७०,२१५,२४४,२५१,३५५ र ४५४ रहेको देखिन्छ (तालिका नं.१२)

*तालिका १२*
*बीमकहरुको कार्यालय संख्या*

| आ.ब. | संख्या |
|---|---|
| २०६०/६१ | १०४ |
| २०६१/६२ | १७० |
| २०६२/६३ | २१५ |
| २०६३/६४ | २४४ |
| २०६४/६५ | २५१ |
| २०६५/६६ | ३५५ |
| २०६६/६७ | ४५४ |



## १२.११ बीमा व्यवसायबाट सरकारलाई प्राप्त कर

बीमा व्यवसायले नेपाल सरकारलाई भुक्तानी गर्ने संस्थागत तथा व्यक्तिगत करहरुमा समेत उल्लेख्य बृद्धि भइरहेको पाइन्छ । यस क्षेत्रबाट आ.व.२०६०।६१ देखि आ.व.०६६।६७ सम्ममा सरकारलाई उपलब्ध भएको कर रकम क्रमश : रु.३०.०२ करोड, रु.४०.०२ करोड, रु.५३.३६ करोड, रु.७१.१५ करोड, रु.९४.८७ करोड, १२६.५० करोड र १६७.१३ करोड रहेको छ । (तालिका नं. १३)

*तालिका १३*
*बीमा व्यवसायबाट सरकारलाई प्राप्त कर*

| आ.ब. | कर भूक्तानी (रु.करोडमा) |
|---|---|
| २०६०/६१ | ३०.०२ |
| २०६१/६२ | ४०.०२ |
| २०६२/६३ | ५३.३६ |
| २०६३/६४ | ७१.१५ |
| २०६४/६५ | ९४.८७ |
| २०६५/६६ | १२६.५० |
| २०६६/६७ | १६७.१३ |



## १३. काम कारवाही

### १३.१.बीमक दर्ता र नबीकरण
बीमा ऐन, २०४९ को दफा १० को उपदफा (१) बमोजिम यस ऐन बमोजिम प्रमाणपत्र नलिई कैसैले पनि बीमा व्यवसाय गर्नु गराउनु हुँदैन । सोही ऐनको दफा ११ ले बीमक दर्ताको नवीकरण गर्ने समेत प्रावधान तोकेको छ । बीमक दर्ता प्रमाणपत्र नवीकरणको लागि प्राप्त निवेदनहरु मध्ये आ.व. २०६६।०६७ मा श्री राष्ट्रिय बीमा संस्थान, यूनाइटेड इन्स्योरेन्स कम्पनी (नेपाल) लि., नेशनल लाइफ इन्स्योरेन्स कम्पनी लि.,एन एल जी इन्स्योरेन्स कम्पनी लि र श्री एन वि. इन्सुरेन्स कम्पनी लि.को बीमक दर्ता प्रमाणपत्र नवीकरणको प्रकृयामा रहेको छ । जसको जानकारी नेपाल सरकार अर्थ मन्त्रालयलाई दिइसकेको छ ।

### १३.२ सर्भेयर इजाजतपत्र दर्ता तथा नवीकरण
बीमा ऐन, २०४९ ले क्षतिग्रस्त सम्पत्तिको आर्थिक मूल्याङ्कन गर्ने कार्यका लागि सर्भेयरको व्यवस्था गरेको छ । त्यस्तो कार्य गर्नका लागि समितिबाट इजाजत लिनु पर्नेछ । आ.व.२०६६।०६७ मा क्षतिग्रस्त सम्पत्तिको आर्थिक मूल्याङ्कन गर्ने कार्यका लागि ५८ जनाले इजाजतपत्र प्राप्त गरेका छन् भने १२९ जनाले सर्भेयर इजाजपत्र नवीकरण गराएका छन् । उक्त अवधिमा कार्यरत बीमा सर्भेयरको संख्या जम्मा १८७ रहेको छ ।

### १३.३ बीमा अभिकर्ता दर्ता तथा नवीकरण
बीमा ऐन, २०४९ को दफा २ (ठ) अनुसार " बीमा अभिकर्ता भन्नाले बीमकको तलवी कर्मचारी नभई कमिशनको आधारमा बीमकको तर्फबाट काम गर्ने बीमा ऐन, २०४९ को दफा ३० बमोजिम इजाजतपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ । सोही ऐनको प्रावधान अनुरुप आ.व.२०६६।०६७ मा ३६६२० वटा नयाँ बीमा अभिकर्ताको इजाजतपत्र दर्ता भएका छन् भने ३१५७६ वटा इजाजतपत्र नवीकरण भएका छन् । कूल कार्यरत संख्या ६८१९६ छ ।

### १३.४ कानूनी व्यवस्था
बीमा ऐन, २०४९ को दफा ८(घ२) मा भएको व्यवस्थाले दिएको अधिकार प्रयोग गरी बीमा व्यवसायको सम्बन्धमा जीवन तथा निर्जीवन बीमा व्यवसाय गर्ने बीमकहरुलाई बीमकको वित्तिय विवरण सम्बन्धी निर्देशन तथा पुनर्बीमा निर्देशिका, २०६५ लाई संशोधन गरी निर्देशन दिई लागू समेत गरेको छ ।

नेपाल सरकारको नियमानुसार बीमकहरुको आन्तरिक सुशासनमा सुधार ल्याउन तथा अनुशासन कायम गर्न आन्तरिक सुशासन सम्बन्धी निर्देशिका तयारी अवस्थामा रहेको छ । बीमा समितिको आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६७ र बीमा समिति खरिद नियमावली, २०६७ मिति २०६७।०५।२० देखि लागू भएको छ ।

### १३.५ सुपरिवेक्षण तथा अनुगमन
बीमा व्यवसायलाई व्यवस्थित, नियमित, विकसित तथा नियन्त्रित गर्नको लागि समितिले समय-समयमा स्थलगत र गैरस्थलगत निरिक्षण गरिरहेको छ । सोही कार्यलाई कार्यरुप दिन आ.व.२०६६।०६७ मा निर्जीवन बीमा तर्फ श्री सिद्धार्थ इन्स्योरेन्स लिमिटेड र जीवन बीमा तर्फ श्री एशियन लाइफ इन्स्योरेन्स कम्पनी लि., श्री प्राइम लाईफ इन्स्योरेन्स कम्पनी लि., श्री गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लि. र श्री सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लि.को निरिक्षण कार्य सम्पन्न गरेको छ । निरिक्षणको क्रममा

देखिएका त्रुटी तथा कमी कमजोरीहरुलाई तत्काल सुधार गर्न निर्देशन दिनुका साथै सम्बन्धित बीमकका संचालक समितिका अध्यक्ष लगायत सदस्यहरु समेतलाई समितिमा नै उपस्थित गराई कम्पनीको चौतर्फी सुधारका लागि बीमा समितिका अध्यक्षका साथै समितिका उच्चस्तरका अधिकृतहरुको संयूक्त भेटघाटबाट निर्देशन दिने कार्य भएको छ । यस बाहेक गैर स्थलगत निरिक्षणबाट देखिएका कमि कमजोरीहरुलाई तत्काल सुधार गर्न समेत बीमकहरुलाई निर्देशन दिने कार्य भएको छ। यस आ.व.मा श्री लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लि. र श्री एशियन लाइफ इन्स्योरेन्स कम्पनी लि.को आकस्मिक निरिक्षण समेत सम्पन्न भईसकेको छ ।

### १३.६. बार्षिक प्रतिवेदन

बीमा समितिले गरेका काम कारवाही, गतिविधि र बीमा व्यवासयको विकासका लागि भएका प्रयासहरु समेत समावेश गरी समितिको आर्थिक वर्ष २०६५।०६६ को वार्षिक प्रतिवेदन प्रकाशन गरेको छ ।

### १३.७ बीमा समाचार र बिचार

समितिले आ.व.२०६६।०६७ मा आन्तरिक तथा वाह्य विज्ञहरुद्वारा बीमा बजारको विकास, नियमन, मौद्रिक नीति सम्बन्धी खोजमूलक शिर्षकहरुमा लेखिएका अनुसन्धानात्मक लेखहरु समावेश गरी बीमा समाचार र बिचार पत्रिका प्रकाशन गर्दै आएको छ ।

निरन्तर रुपमा प्रकाशन हुँदै आएको बीमा समाचार र विचार पत्रिकालाई स्तरोन्नती गर्ने उद्देश्यका साथ बीमा समितिका अध्यक्ष संरक्षक रहने गरी नेपाल बीमक संघ,सर्भेयर संघ र बीमा अभिकर्ता संघको समेत प्रतिनिधि रहेको एक सम्पादन समिति गठन गरेको छ ।

### १३.८ निर्णय संग्रह

समितिमा दर्ता हुने बीमा दावी सम्बन्धी उजुरीको सुनुवाईलाई समेटिएको निर्णय संग्रह दोश्रो अंक समितिले प्रकाशन गरेको छ । बीमा दावी उजुरी सम्बन्धी निर्णय गर्ने अर्धन्यायिक निकाय भएको हुनाले समितिले गर्ने निर्णयहरु सर्वसाधारणहरुलाई सुसूचित गर्ने उद्देश्यले निर्णयहरुको संगालो संकलन गरी एकमुष्ट प्रकाशन गरेको हो ।

### १३.९ वेभसाइट

सम्वद्ध पक्षहरुलाई निरन्तर रुपमा जानकारी उपलब्ध गराउने उद्देश्यले बीमा ऐन, २०४९ र बीमा नियमावली, २०४९ बीमा समितिको परिचय, वार्षिक प्रतिवेदन, बीमा समितिबाट जारी गरेका निर्देशनहरु, परिपत्रहरु र बीमादर लगायत सूचनामूलक सामाग्रीहरु समावेश गरी समितिले आफ्नो वेभसाइट तयार गरेको छ । समितिको वेभसाइटलाई दैनिक अद्यावधिक गर्ने तथा बीमा सम्बन्धी बढि भन्दा बढि सूचना तथा जानकारीहरु उक्त वेभसाइटमा समावेश गरिएको छ । समितिको वेभसाइटको ठेगाना www.bsib.org.np रहेको छ । साथै, समितिले अन्तर्राष्ट्रिय सम्बन्धमा विकास गर्नका लागि निकट भविष्यमा Online Reporting का लागि तयारी गरी कार्य अगाडि बढाईरहेको छ ।

## १४. समितिले गरेका मुख्य मुख्य कार्यहरु :

- समितिको संस्थागत सुधार गर्ने तर्फ मसौदा प्रतिवेदन पेश भएको ।
- बीमा समिति कर्मचारी सेवा शर्त विनियमावलीको मसौदा प्रतिवेदन पेश भएको ।
- बीमा ऐन, २०४९ लाई संशोधन गरी प्रस्तावित बीमा ऐन, २०६७ को मसौदा नेपाल सरकार अर्थ मन्त्रालयमा पेश गरेको ।

- सडक दुर्घटनाको कारणबाट कुनै व्यक्तिको मृत्यु भएको अवस्थामा मृतकका परिवारलाई तत्काल राहत प्रदान गर्न २०६६ भदौ १ गतेदेखि सबै सार्वजनिक तथा निजी यातायातका साधनले मृतकको परिवारलाई रु.५ लाख रुपैयाँको नगद राहत प्राप्त हुने गरी तेश्रोपक्ष बीमा समेत गर्नु पर्ने व्यवस्था अनिवार्य गरेको छ । सरकारबाट घोषित व्यवस्थालाई समेटेर "मोटर बीमा दर निर्देशिका, २०६६" तयार गरी लागू गरिएको ।
- जीवन बीमा व्यवसाय गर्ने बीमकको लागि आवश्यक मानिने मृत्युदर तालिका तयार गरी मिति २०६६/०७/१२ देखि लागू गरिएको छ । यस व्यवस्थाले जीवन बीमाशुल्क निर्धारण गर्दा लिइने मृत्युदर तालिकामा एकरुपता आएको ।
- बीमकहरुबाट सुझाव संकलन गरी बीमा दावी भुक्तानीको लागि आवश्यक पर्ने कागजात तोकि बीमा दावी भुक्तानी प्रकृयालाई सरलीकरण गरिएको ।
- बीमा व्यवसायलाई विकसित तथा प्रवर्द्धन गर्ने उद्देश्यले जनचेतना सम्बन्धी कार्यलाई व्यापक प्रचार प्रसार गरिएको ।
- राष्ट्रिय दैनिक गोरखापत्रको एयर प्यानलमा सूचना मूलक विज्ञापन नियमित रुपमा प्रसारित गरेको,
- नेपाल भित्र बढि भन्दा बढि श्रोताको पहुँचमा पुगेको रेडियो नेपालमा समाचार वाचन भन्दा अगाडी सूचना मूलक विज्ञापन नियमित रुपमा प्रचार प्रसार गरेको,
- उपत्यकाको सडक छेउ लगायत पृथ्वी राजमार्गको छेउ किनारामा समेत तेश्रो पक्ष अनिवार्य बीमालाई प्रष्ट पार्ने ब्यानर बनाई प्रचार प्रसार गरेको ।
- बीमा विषयलाई पाठ्यक्रममा राख्ने कार्यका लागि शिक्षा मन्त्रालय पाठ्यक्रम विकास वोर्ड लगायतका निकायसंग समन्वय गरी बीमा क्षेत्रका विज्ञहरुसंग छलफल गरी मस्यौदालाई अन्तिम रुप दिएको ।
- बीमा व्यवसायलाई विकसित गर्ने उद्देश्य अनुरुप व्यवसायिक जनशक्ति बिकासको लागि देहाय बमोजिमको तालिम र अन्तरकृया कार्यक्रम संचालन गरेको छ :
    - मध्यम स्तरीय र उच्च स्तरीय तालिम कार्यक्रम संचालन गरेको,
    - जीवन तथा निर्जीवन बीमा अभिकर्ताको आधारभूत तालिम संचालन गरेको,
    - स्थानीय स्तरमा रहेका समस्याको पहिचान गरी सो समस्या समाधान गर्नको लागि उद्योगपती, व्यवसायी, बीमक, सर्भेयर समेतको सहभागिता गराई अन्तरकृया कार्यक्रम गरेको ।
- अन्तराष्ट्रिय बीमा नियमनकारी निकायको रुपमा रहेको International Association of Insurance Supervisors (IAIS) ले तयार पारेको Insurance Core Principle लाई यस व्यवसायसंग सम्बन्धित व्यक्ति तथा बीमकहरुलाई वितरण गरेको ।
- बीमा कम्पनीहरुका लागि छुट्टै Accounting Standard तयार पारी कार्यान्वयन गरेको, साथै उक्त Accounting Standard माथि देखिएका व्यवहारिक समस्यालाई पहिचान गरी समय सापेक्ष बनाएको । बीमकको आर्थिक विवरणको जनमानसमा समयमै सहि सूचना प्रवाह होस भन्ने उद्देश्यका साथ बीमकहरुको त्रैमासिक वित्तीय विवरण राष्ट्रिय दैनिक पत्रिकामा नियमित रुपमा प्रकाशन गर्ने व्यवस्था गरेको ।
- बीमकहरुसंग रहेको लगानी योग्य रकमलाई सुरक्षित ठाउँमा लगानी गर्न र उक्त लगानीबाट उपयुक्त प्रतिफल प्राप्त हुने गरी समितिले बीमकहरुको लागि लगानी नीतिमा समय सापेक्ष परिमार्जन गरी लागू गरेको ।
- बीमा सेवा आम जनमानस समक्ष सहज रुपमा पुग्न सकोस भन्ने उद्देश्यका साथ बीमकहरुको शाखा कार्यालय विस्तारका लागि छुट्टै नीति अवलम्वन गरी कार्यान्वयन गरेको ।

- लघु बीमाको माध्यमबाट बीमा सेवा ग्रामिण क्षेत्रका न्यून आय भएका वर्गसम्म पुऱ्याउनका लागि बीमा कम्पनीहरुलाई निर्देशन जारी गरेको ।
- आकस्मिक बीमा कोष नेपाललाई छुट्टै कम्पनीको रुपमा खडा गरी देशमा पुनर्बीमा कम्पनी स्थापना गर्ने तर्फ कार्य भैरहेको ।

## १५. आर्थिक बर्ष ०६६।०६७ को बजेट बक्तव्यमा बीमा

- किसानको उत्पादन तथा पशुपालनको सुरक्षणको लागि पशु तथा बालीको लघु बीमाको लागि बजेट छुट्याएको ।

- निःशुल्क आधारभूत स्वास्थ्य सेवालाई निरन्तरता दिदैं यसलाई जिल्ला तहसम्म विस्तार गरिने, यसका लागि भौतिक पूर्वाधार, आवश्यक जनशक्ति र बजेटको व्यवस्था मिलाई "सबैको लागि स्वास्थ्य" को अवधारणालाई क्रमशः कार्यान्वयन गरिदै लगिने र जनताको स्वास्थ्य बीमा गर्ने कार्यक्रम सञ्चालन गर्नकालागि आगामी वर्ष सम्भाव्यता अध्ययन गर्ने व्यवस्था मिलाएको ।

- बैंक तथा वित्तीय संस्थाहरुले साना व्यक्तिगत निक्षेपकर्ताहरुको सुरक्षणको लागि दुई लाख रुपैयाँसम्मको बचत तथा मुद्धती निक्षेपको वीमा अनिवार्य रुपले गर्नुपर्ने व्यवस्था मिलाएको ।

- बीमा व्यवसायमा समयानुकूल सुधार गर्न प्रचलित वीमा ऐनमा आवश्यक संशोधन गरिने, पूनर्विमा व्यवसायलाई मुलुक भित्रबाटै सञ्चालनमा ल्याउन विदेशी तथा स्वदेशी निजी क्षेत्रको सहभागितामा पूनर्विमा कम्पनी स्थापना गर्ने तर्फ कानूनी लगायतका आवश्यक व्यवस्था गरिने र राष्ट्रिय वीमा संस्थानको संरचनात्मक सुधार गरी यसको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरिने ।

- सडक दुर्घटनाका कारण मृतकका आफन्त तथा छरछिमेकले तत्काल राहतको माग गरी सवारी साधन तोडफोड गर्ने, सडक अवरुद्ध गर्ने घटनाहरु दिन प्रतिदिन बढ्दै गइरहेकाछन् । मृतकका परिवारजनलाई तत्काल राहत प्रदान गर्न २०६६ भदौ १ गतेदेखि सबै सार्वजनिक तथा निजी यातायातका साधनले मृतक परिवारलाई रु.पाँच लाख रुपैयाको नगद राहत प्राप्त हुने गरी तेस्रोपक्ष बीमा समेत गर्नुपर्ने व्यवस्था अनिवार्य गरिने र नयाँ सवारी साधन दर्ता र नवीकरण गर्दा तेस्रो पक्ष बीमा गराएको प्रमाण अनिवार्य रुपमा पेश गर्नु पर्ने व्यवस्था गरिने ।

## १६. बीमा क्षेत्रमा विद्यमान समस्याहरु

- बीमा सम्बन्धी जनचेतनाको कमी,
- दक्ष जनशक्तिको अभाव,
- वचत गर्ने क्षमताको कमि,
- लगानीको लागि उपयुक्त अवसरहरु पर्याप्त मात्रामा उपलब्ध नहुनु,
- बीमा ब्यवसायमा अस्वस्थ प्रतिस्पर्धा हुनु,
- देश भित्र पुनर्बीमकको स्थापना नहुनु ।
- विभिन्न निकाय तथा बिदेशी दाता संस्थाहरु लगायत अन्य निकायहरुबाट बीमालाई प्राथमिकतामा नराख्नु ।

## १७. बीमा क्षेत्रमा विद्यमान चुनौती तथा उपायहरु

- बीमकहरुको स्थलगत तथा गैर स्थलगत निरीक्षणबाट प्राप्त नतिजाको आधारमा अधिकांश बीमकले बीमा ऐन, २०४९, बीमा नियमावली, २०४९ तथा बीमा समितिबाट समय समयमा जारी गरिएका निर्देशनहरुको पालना नगरिएको पाइएकोले त्यस्तो आदेश निर्देशनको पालना अझ सहि रुपमा पालना गर्न गराउनु आवश्यक कारवाही गर्नु पर्ने ।
- देशमा विद्यमान अर्थतन्त्रको संकुचित परिवेशलाई दृष्टिगत गर्दा बीमकहरुसंग रहेको लगानी योग्य रकमलाई सुरक्षित, प्रतिफल र तरल रुपमा लगानी गर्न आवश्यक अन्य क्षेत्र पहिचान गरी लगानीको क्षेत्रको दायरा बढाउनु पर्ने ।
- नेपालको बीमा व्यवसायलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप बीमा सेवाको गुणस्तरमा बृद्धि गर्नु गराउनु पर्ने ।
- निर्जीवन बीमालाई समाजिक तथा प्राकृतिक जोखिमबाट उत्पन्न हुन सक्ने आर्थिक क्षति व्यवस्थापन गर्न सशक्त संयन्त्रको रुपमा स्वदेशमै पुनर्बीमा कम्पनीको स्थापना तर्फ कदम चाल्नु पर्ने ।
- ग्रमिण क्षेत्र, न्यून आयवर्ग तथा समाजका सबै तहसम्म बीमा सेवाको पहुँच पु-याउनका लागि लघु बीमा योजनालाई ब्यापक गर्नु पर्ने ।
- बीमितको हित संरक्षण सुनिश्चित गर्न विश्वसनीय संयन्त्रहरुको विकास गर्नुका साथै उक्त संयन्त्र प्रति बीमितलाई सुशुचित गर्नु पर्ने ।
- बीमा क्षेत्रको विकास गर्नको लागि आवश्यक तथा प्रतिस्पर्धी जनशक्ति तयार गुर्न पर्ने ।

अनुसूची -१

## बीमा समितिका कर्मचारीहरुको नामावली

| क.सं. | पद | कर्मचारीको नाम |
|---|---|---|
| १ | अध्यक्ष | प्रा. डा.फत्त बहादुर के.सी. |
| २ | निर्देशक | डा.अनिल राज भट्टराई |
| ३ | उप-निर्देशक | श्री शेखर कुमार अर्याल |
| ४ | उप-निर्देशक | श्री श्रीमान कार्की |
| ५ | उप-निर्देशक | श्री राजु रमण पौडेल |
| ६ | उप-निर्देशक | श्री प्रकाश खनाल |
| ७ | सहायक नर्देशक | श्री दामोदर भण्डारी |
| ८ | सहायक नर्देशक | श्री कुन्दन सापकोटा |
| ९ | सहायक नर्देशक | श्री धुव तिमिल्सिना |
| १० | सहायक नर्देशक | श्री राजेन्द्र पौडेल |
| ११ | सहायक नर्देशक | श्री दिनेश कुमार लाल |
| १२ | सहायक नर्देशक | श्री लोक बहादुर अधिकारी |
| १३ | सहायक नर्देशक | श्री केशव प्रसाद दाहाल |
| १४ | सहायक नर्देशक | श्री सुशिल देव सुवेदी |
| १५ | सहायक नर्देशक | श्री पूजन ढुंगेल (अधिकारी) |
| १६ | सहायक नर्देशक | श्री राजकुमार अर्याल |
| १७ | सहायक प्रथम | श्रीमती कुशुम शर्मा |
| १८ | सहायक प्रथम | श्रीमती लक्ष्मी ढकाल |
| १९ | सहायक प्रथम | श्रीमती सुनिता कुमारी कार्की |
| २० | सहायक प्रथम | श्रीमती निशा घिमिरे |
| २१ | सहायक प्रथम | श्री पुर्ण बहादुर थापा |
| २२ | सहायक प्रथम | श्री शम्भु प्रसाद मिश्र |
| २३ | सहायक प्रथम | श्री ओम बहादुर अधिकारी |
| २४ | सहायक प्रथम | श्री दिपक ढकाल |
| २५ | सहायक प्रथम | श्री प्रदिप गौतम |
| २६ | सहायक प्रथम | श्रीमती पुनम ज्ञवाली (श्रेष्ठ) |
| २७ | चालक | श्री नारायण बहादुर श्रेष्ठ |
| २८ | चालक | श्री बल बहादुर बोहरा |
| २९ | चालक | श्री सानु काजी कुंवर |
| ३० | कार्यालय सहयोगी | श्री भेष राज भट्ट |
| ३१ | कार्यालय सहयोगी | श्री राजेन्द्र खतिवडा |

| | | |
|---|---|---|
| ३२ | कार्यालय सहयोगी | श्री पिताम्बर पराजुली |
| ३३ | कार्यालय सहयोगी | श्री प्रभुनाथ ओझा |
| ३४ | कार्यालय सहयोगी | श्री हुम बहादुर सारु |
| ३५ | कार्यालय सहयोगी | श्री गणेश राज पाण्डे |
| ३६ | कार्यालय सहयोगी | श्री बैकुण्ठ घिमिरे |
| ३७ | कार्यालय सहयोगी | श्री हरि बहादुर सुवेदी |
| ३८ | कार्यालय सहयोगी | श्री हरेराम श्रेष्ठ |
| ३९ | कार्यालय सहयोगी | श्री दिपक प्याकुरेल |
| ४० | कार्यालय सहयोगी | श्री हरिकृष्ण पोडे |

अनुसूची-२

समितिको वर्तमान संगठनात्मक संरचना



## अनुसूची-३
## बीमकहरुलाई शाखा कार्यालय खोल्न दिइएको स्वीकृति

| क.सं. | बीमकको नाम | स्वीकृति मिति | स्थान |
|---|---|---|---|
| १ | नेपाल इन्स्योरेन्स कम्पनी लि. | २०६६।०७२३ | ललितपुर, जनकपुर, महेन्द्रनगर, दाङ र वाग्लुङ्ग |
| २ | नेशनल लाइफ इन्स्योरेन्स कम्पनी लि. | २०६६।०८।३० | खाँदवारी,काठमाण्डौ,सिन्धुली,पाल्पा, धनकुटा,ओखलढुंगा,गोर्खा, लमजुङ्ग, मकवानपुर, रोल्पा, जुम्ला र इटहरी |
| ३ | यूनाइटेड इन्स्योरेन्स कम्पनी (नेपाल) लि. | २०६६।०४।१४ | सर्लाही |
| ४ | नेको इन्सुरेन्स लि. | २०६६।०६।३० | इटहरी र ललितपुर |
| ५ | एलाइन्स इन्स्योरेन्स कम्पनी लि. | २०६६१०।१४ | ललितपुर |
| ६ | नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि. | २०६६।०६।०७ | ललितपुर र भक्तपुर |
| ७ | शिखर इन्स्योरेन्स कम्पनी लि. | २०६६।०६।२५ | हेटौडा,ललितपुर |
| | | २०६६।०६।३० | एकान्तकुना, थापाथली |
| ८ | एशियन लाइफ इन्स्योरेन्स कम्पनी लि. | २०६६।०६।०७ | भोजपुर, हेटौडा,पाल्पा,धनगढी, बैतडी र नुवाकोट |
| ९ | गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लि. | २०६६।०४।१४ | बनेपा,नेपालगंज,भक्तपुर,धरान,जनकपुर |
| | | २०६६।०६।० | काठमाण्डौ र लहान |
| | | २०६६।०६।०२ | गाइघाट |
| | | २०६६।११।२३ | महेन्द्रनगर, डडेल्धुरा |
| | | २०६६।१।१० | धनकुटा |
| | | २०६६।१२।२६ | सिन्धुली |
| | | २०६६।१०।१४ | गौर, हरिऔन र बर्दियावास |
| १० | सिद्धार्थ इन्स्योरेन्स लि. | २०६६।०६।०६ | काठमाण्डौ, नारायणगढ र नेपालगंज |

## अनुसूची ४
## बीमितबाट पर्न आएको निवेदन उपर समितिको निर्णय

| क्र.सं. | कम्पनीको नाम | बीमितको पक्षमा | बीमकको पक्षमा | जम्मा |
|---|---|---|---|---|
| १. | श्री नेपाल इन्स्योरेन्स कं.लि. | १ | २ | ३ |
| २. | श्री दि ओरिएण्टल इन्स्योरेन्स कं.लि. | ३ | - | ३ |
| ३. | श्री राष्ट्रिय बीमा संस्थान | ३ | - | ३ |
| ४. | श्री नेशनल इन्स्योरेन्स कं.लि. | १ | - | १ |
| ५. | श्री नेशनल लाइफ इ.कं.लि. | १ | - | १ |
| ६. | श्री यूनाइटेड इ.कं.(नेपाल) लि. | २ | - | २ |
| ७. | श्री प्रिमियर इ.कं.(नेपाल) लि. | - | १ | १ |
| ८. | श्री एभरेष्ट इन्स्योरेन्स कं.लि | ३ | - | ३ |
| ९. | श्री एलाइन्स इन्स्योरेन्स कं.लि. | ५ | - | ५ |
| १०. | श्री नेपाल लाइफ इ.कं.लि. | १ | - | १ |
| ११. | श्री लाइफ इन्स्योरेन्स कर्पोरेश (नेपाल) लि. | - | २ | - |
| १२. | श्री अमेरिकन लाइफ इ.कं.ALICO | - | २ | २ |
| १३. | श्री प्रुडेन्सियल इन्स्योरेन्स कं.लि. | २ | १ | ३ |
| १४. | श्री लुम्बिनी जनरल इ.कं.लि. | ३ | १ | ४ |
| १५. | श्री एन.एल.जी.इ.कं.लि. | - | १ | १ |
| १६. | श्री सिद्धार्थ इन्स्योरेन्स लि. | ४ | - | ४ |
| १७ | श्री प्राइम लाइफ इन्स्योरेन्स कं.लि. | १ | - | १ |

अनुसूची -५

बीमा समिति

आ.ब.२०६६/६७ को आय ब्यय हिसाव विवरण*

| क्र.सं. | विवरण | रकम | जम्मा रकम |
|---|---|---|---|
| | **जिम्मेवारी सारेको (आ.व.२०६५।०६६ को)** | | ३६४,७७०,९७५.२७ |
| | (क) धर जग्गा खरिद निर्माण तथा मर्मत सापटी | २०,५८५,०७३।८१ | |
| | (ख) सामाजिक सापटी | २,५७१,२१४.८१ | |
| | (ग) धरौटी पेश्की | २२८,०१५.०० | |
| १ | (घ) प्रिमियम सापटी | ३३७,०००.३० | |
| | (ङ) टेलिफोन सापटी | १८,८८८.९६ | |
| | (च) पोशाक सापटी | ७२,०००.०० | |
| | (छ) मोटरसाइकल सापटी | ३,६००,०००.०० | |
| | (ज) बैंक मौज्दात | ३३७,३५८,७८२.५६ | |
| २ | सेवाशुल्क | | ११७,६९३,६७३.८६ |
| | इजाजतपत्र दर्ता तथा नवीकरण शुल्क | | २८,१५४,४२५.०० |
| ३ | (क) बीमक दर्ता नवीकरण शुल्क | १,४३८,४००.०० | |
| | (ख) बीमा अभिकर्ता दर्ता नवीकरण शुल्क | २५,०२०,४७५.०० | |
| | (ग) सर्भेयर दर्ता तथा नवीकरण शुल्क | १,६९५,५५०.०० | |
| ४ | तालिक शुल्क | | ९३४,०००.०० |
| ५ | ब्याज आम्दानी | | १६,९२१,०८६.८६ |
| ६ | विविध आम्दानी | | ११,०८९,९३३.६० |
| | जम्मा | | ५३९,५६४,०९४.५९ |
| **ब्यय** | | | |
| १ | उपभोग खर्च | | २१,४६०,७२७।४८ |
| २ | कार्यालय संचालन खर्च | | २२,७८५,८१२.१४ |
| ३ | अनुदान | | - |
| ४ | सेवा तथा उत्पादन खर्च | | ७८६,३००.८० |
| ५ | पूँजी ट्रान्फर खर्च | | - |
| ६ | पूँजी निर्माण खर्च | | २,४३६,०९९.६७ |
| ७ | लगानी | | ३०,४०३,९०८.९३ |
| | (क) घर जग्गा खरिद निर्माण तथा मर्मत सापटी | २३,१३८,०७३.६४ | |

| | | | |
|---|---|---|---|
| | (ख) सामाजिक सापटी | २,९९६,२६२,.८२ | |
| | (ग) धरौटी पेश्की | २०१,०१५.०० | |
| | (घ) प्रिमियम सापटी | ४६८,५५७.४७ | |
| | (ङ) टेलिफोन सापटी | - | |
| | (च) पोशाक सापटी | - | |
| | (छ) मोटरसाइकल सापटी | ३,६००,०००.०० | |
| ८ | कार्यालय संचालन पेश्की | | ६२५,१००.९९ |
| ९ | बैंक मौज्दात | | ४६१,०८४,१४४.५८ |
| | (क) मुद्दती निक्षेप | ४३३,७५०,०००.०० | |
| | (ख) अन्य निक्षेप | २७,३३४,१४४.५८ | |
| जम्मा | | | ५३९,५६४,०९४.५९ |

# अनुसूची- ६

## आ.व. २०६६/६७ को बीमा समितिको वार्षिक कार्यक्रम

| क्र.सं | कार्यक्रम | उद्देश्य | कार्य योजना |
|---|---|---|---|
| १. | बीमा सम्बन्धी अध्ययन गर्ने । | बीमा सम्बन्धी नीति नियम योजना तयार गर्न आवश्यक अध्ययन गर्ने । | बीमा सम्बन्धी राष्ट्रिय नीति तयार गर्नका लागि अध्ययन गर्ने |
| २. | बीमा समितिको संस्थागत सुधार गर्ने । | बीमा क्षेत्रलाई बिकसित, नियमित, ब्यवस्थित तथा नियन्त्रित गर्नका लागि संस्थागत सुधार गरी समितिको आन्तरिक क्षमता अभिबृद्धि गर्ने । | बीमा समितिको संस्थागत सुधार गर्ने ।<br>(I) प्रतिवेदन तयार गर्ने<br>(II) प्रतिवेदन कार्यान्वयन गर्ने । |
| ३. | ICP Self Assessment को आधारमा तयार गरिएको बिस्तृत कार्य योजना पुनरावलोकन गरी परिमार्जन गर्ने । | IAIS को बीमा सम्बन्धी आधारभूत सिद्धान्तहरुको आधारमा बीमा क्षेत्रको लागि तयार गरिएको भावी योजनालाई परिमार्जन गर्ने । | IAIS का आधारभूत सिद्धान्तहरुको आधारमा तयार गरिएको समितिको अल्पकालिन, मध्यकालिन तथा दीर्घकालिन बिस्तृत कार्य योजना पुनरावलोकन गरी परिमार्जन गर्ने । |
| ४. | क्ष्ऋए लाई नेपाली भाषामा रुपान्तरण गरी प्रकाशित गर्ने । | क्ष्ऋए का ऋयचभ(एचष्लअष्उभिक लाई नेपाली भाषामा रुपान्तरण गरी प्रकाशन गर्ने । | ISIS का Insurance Core Principles लाई नेपाली भाषामा रुपान्तरण गरी प्रकाशन गर्ने । |
| ५. | कानूनी व्यवस्थामा परिमार्जन गर्ने । | बीमा सम्बन्धी कानूनी प्रावधानहरुलाई आवश्यकता अनुरुप अद्यावधिक गर्ने । | • बीमा समिति कर्मचारी सेवा शर्त विनियमावलीको मस्यौदा तयार गरी पेश गर्ने<br>• बीमा समिति कर्मचारी सेवा शर्त विनियमावलीको मस्यौदा उपर अन्तर्क्रिया आयोजना गर्ने ।<br>• बीमा ऐनको मस्यौदा अनुरुप नियमावलीहरुको मस्यौदा तयार गरी पेश गर्ने ।<br>नियमावलीहरुको मस्यौदा उपर अन्तर्क्रिया आयोजना गर्ने । |
| ६. | लघु बीमा सम्बन्धी निर्देशिका तयार गरी लागू गर्ने । | लघु बीमा सम्बन्धी नीति तथा कानूनी आधार तर्जुमा गर्ने, | लघु बीमा सम्बन्धी निर्देशिक तयार गरी लागू गर्ने । |

| क.सं | कार्यक्रम | उद्देश्य | कार्य योजना |
|---|---|---|---|
| ७. | बीमा दावी भुक्तानी प्रक्रिया सरलीकरण गर्ने | बीमा नियमावली, २०४९ को नियम ३१ र ३२ बमोजिम क्रमशः जीवन बीमा र मोटर बीमा दावीको लागि आवश्यक कागजात तोकी दावी भुक्तानी प्रकृया सरल बनाउने । | ● मोटर बीमा दावी सम्बन्धी कागजात तोकी दाबी भुक्तानी प्रक्रियालाई सरल बनाउने ।<br>● जीवन बीमा दावी सम्बन्धी कागजात तोकी दाबी भुक्तानी प्रक्रियालाई सरल बनाउने । |
| ८. | बीमालेख सरलीकरण तथा परिमार्जन गर्ने | प्रचलित बीमालेखलाई क्रमशः सर्वसाधारणले बुझ्न सक्ने गरी सरल र सन्तुलित बनाउने । | व्यक्तिगत दुर्घटना बीमालेखलाई परिमार्जन गरी सरल र सन्तुलित बनाई लागू गर्ने ।<br>अग्नि बीमालेख (सम्पुष्टि समेत) लाई परिमार्जन गरी सरल र सन्तुलित बनाई लागू गर्ने । |
| ९. | जनचेतना अभिबृद्धि गर्ने | बीमा बारे सर्वसाधारणमा चेतना अभिवृद्धि गर्ने । | ● बीमा सम्बन्धी बुकलेट र लिफलेट तयार गरी वितरण गर्ने,<br>● श्रव्य दृष्य प्रशारण सामाग्री तयार गरी प्रशारण गर्ने,<br>● बीमा बारे जनचेतनामूलक सूचना प्रकाशन र होडिङ्ग बोर्ड तयार गर्ने,<br>● स्थानिय निकायसंग समन्वय गरी काठमाडौं उपत्यका वाहिर पाँच वटा अन्तरक्रिया कार्यक्रम गर्ने ।<br>● उपत्यका बाहिर सम्वन्धित निकाय सँग समन्वय गरी उच्च माध्यामिक स्तरीय हाजिरी जवाफ प्रतियोगिता सञ्चालन गर्ने ।<br>● न्यायिक क्षेत्रका साथसाथै सुरक्षा निकायसंग समन्वय गरी अन्तरक्रिया गर्ने । |
| १०. | बीमा विषयलाई पाठ्यक्रममा ब्यापकता दिने | बीमा विषयलाई विद्यालय स्तरदेखि बिश्वबिद्यालय स्तर सम्मको पाठ्यक्रममा क्रमबद्ध रुपमा विस्तार गराउने । | ● शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र लगायतको निकायहरु तथा सम्बन्धित बिज्ञसंग सहकार्य गरी पाठ्य सामाग्री तयार गरी लागू गर्न पहल गर्ने । |
| ११. | व्यवसायिक जनशक्तिको विकास गर्ने | बीमा क्षेत्रको लागि आवश्यक दक्ष जनशक्ति तयार गर्ने । | अभिकर्ताको आधारभूत तालिम,<br>● जीवन बीमा-४<br>● निर्जीवन बीमा-४<br>अभिकर्ताको उच्चस्तरीय तालिम-२ |

| क्र.सं | कार्यक्रम | उद्देश्य | कार्य योजना |
|---|---|---|---|
| | | | सर्भेयरलाई प्रशिक्षण,<br>● आधारभूत तालिम २<br>● उच्च स्तरीय तालिम १<br><br>बीमांकीय विज्ञान सम्बन्धी प्रशिक्षण<br><br>बीमक तथा समितिका कर्मचारीहरुलाई बिभिन्न किसिमका प्रशिक्षण<br><br>बीमकका जीवन बीमा अभिकर्ता तालिमका प्रशिक्षक लाई प्रशिक्षण सम्वन्धी तालिम |
| १२. | सूचना प्रणाली चुस्त र भरपर्दो बनाउन आवश्यक एकिकृत क्यातधबचभ पहिचान गर्ने । | बीमकले समितिलाई दिने सूचना तथा समितिको सम्पूर्ण कार्य प्रणालीलाई ब्यवस्थित गर्न क्यातधबचभ पहिचान गर्ने । | ● नियमनकारी निकायलाई आवश्यक पर्ने एकिकृत क्यातधबचभ पहिचान गर्न आवश्यक अध्ययन गर्ने । |
| १३. | बीमा प्रतिष्ठान स्थापना गर्न पूर्वाधार तयार गर्ने । | सो कार्यदलको सुझावको आधारमा बीमा प्रतिष्ठान स्थापना गर्ने । | प्राज्ञिक तथा व्यवसायिक निकायहरु सँग समन्वय गरी बीमा प्रतिष्ठान स्थापना गर्न पूर्वाधार तयार गर्ने । |
| १४. | बीमकको जोखिमको विवरण (रिस्क प्रोफाइल) तयार गर्ने | बीमकहरुको समग्र जोखिमको विवरण तयार गरी सो बिवरणको आधारमा अनुगमन गर्ने । | बीमकको जोखिमको विवरण (रिस्क प्रोफाइल) तयार गर्ने । |
| १५. | स्थलगत निरिक्षण निर्देशिका पुनरावलोकन तथा परिमार्जन गर्ने । | स्थलगत निरिक्षण निर्देशिका पुनरावलोकन गरी समय सापेक्ष परिमार्जन गर्ने । | स्थलगत निरिक्षण निर्देशिका पुनरावलोकन तथा परिमार्जन गर्ने । |
| १६. | जीवन बीमा ब्यवसाय गर्ने बीमकको सोल्भेन्सी मार्जिन सम्बन्धी निर्देशिका निर्माण गर्ने | जीवन बीमा ब्यवसाय गर्ने बीमकहरुको सोल्भेन्सी मार्जिन सम्बन्धी निर्देशिका तयार गरी लागू गर्ने । | ● जीवन बीमा ब्यवसाय गर्ने बीमकहरुको सोल्भेन्सी मार्जिन सम्बन्धी निर्देशिका तयार गरी लागू गर्ने । |
| १७. | बीमकको सुशासन तथा आन्तरिक नियन्त्रण सम्बन्धी निर्देशिका तयार गरी लागू गर्ने । | बीमकको सुशासन तथा आन्तरिक नियन्त्रण सम्बन्धी निर्देशिका तयार गरी लागू गर्ने । | ● बीमकको सुशासन तथा आन्तरिक नियन्त्रण सम्बन्धी निर्देशिका तयार गर्ने । |

| क.सं | कार्यक्रम | उद्देश्य | कार्य योजना |
|---|---|---|---|
| | | | • तयार गरिएको निर्देशिका लागू गर्ने । |
| १८. | डिट्यारिफ सम्बन्धि अध्ययन प्रतिवेदन कार्यान्वयन गर्ने । | राष्ट्रिय आवश्यकता तथा यथार्थता अनुरुप प्रचलित बीमादरहरुलाई खुल्ला गर्दै जाने | • डिट्यारिफ सम्बन्धमा अध्ययन गर्न गठित उप समितिको प्रतिवेदन कार्यान्वयन गर्ने । |
| १९. | बीमाको प्राबिधिक शब्दहरुको परिभाषा तयार गर्ने । | बीमा क्षेत्रमा प्रयुक्त हुने सम्पूर्ण प्राविधिक शव्दहरुको परिभाषा सहितको शव्दार्थ (ग्लोसरी) तयार गर्ने । | नेपालको बीमा क्षेत्रमा प्रयोग भईरहेका बीमालेखका प्राविधिक शब्दहरुको नेपाली भाषामा परिभाषा तयार गरी प्रकाशन गर्ने । |